# मलंगवा नगरपालिका
# नगर कार्यपालिको कार्यालय
## मलंगवा,सर्लाही
२ नं. प्रदेश,नेपाल

प.सं. ०७५।०७६
च.नं:

मितिः २०७६।३।६

## आशयपत्र माग गर्ने सूचना

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय मार्फत यस सर्लाही जिल्लामा सुरक्षित बैदेशिक रोजगारका लागि सुचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा बरहथवा नगरपालिका, मलंगवा नगरपाकिला, हरिवन नगरापकिला र चन्द्रनगर गाँउपालिकामा लक्षित समुह रहेको समुदाय र विद्यालयमा अभिमुखीकरण र सचेतना कार्यक्रम सञ्चालन गर्ने, लक्षित समुहलाई मनोसामाजिक परामर्श र वित्तिय साक्षरता उपलब्ध गराउने, सुचना सामाग्रिहरु छपाई तथा वितरण गर्ने र रेडियो तथा एफ.एम. मार्फत सन्देमूलक सूचना प्रसारण गराउने लगायत स्थानीय स्तरमा सूरक्षित आप्रवास कार्यक्रम सञ्चालन सहयोग पुत्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration program ) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमा कानुन अनुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संस्थाहरुले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्रमा (२०७६।३।२० गते सम्ममा) कार्यालय समयमा मलंगवा नगपालिकाको कार्यालय, मलंगवामा आईपुग्ने गरी निर्धारित ढाँचामा आशय पत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरु यस नगरपालिकाको वेभ साईट(www.malangawamun.gov.np, www.hariowonmun.gov.np, www.baratwamun.gov.np, www. Chandranagarrul.gov.np ) मा राखिएको छ । यसरी आशय पत्र पेश गर्ने संस्था उपरोक्त चारवटा स्थानिय तह मध्ये कम्तिमा कुनै एकमा सुचिकृत भएको हुनु पर्ने छ ।

(१) आशय पत्रदाताको योग्यता :
- (क) अनुभव : कम्तिमा पाँच वर्ष अगाडि दर्ता भई करोवार सञ्चालन गरेको ।
- (ख) प्रस्तावित कार्य सँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्ने लाग्ने अनुमानित समय : १ वर्ष कार्यसम्पादनको आधारमा सेवा पछि थप हुन सक्ने छ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धि प्रस्ताव माग गरिनेछ ।

(४) आशयपत्रदाताले आशयपत्रसाथ आशयपत्रको नमूनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशयपत्र पेश गर्ने स्थान : मलंगवा नगपालिकाको कार्यालय, मलंगवा, सर्लाही

प्रमुख प्रशासकिय अधिकृत

कार्यालय : मलंगवा नगरपालिका वडा नं.३, फोन नं./फयाक्स नं. ०४६ ५२०१७५,
ईमेल ठेगाना : info@malangawamun.gov.np / website www.malangawamun.gov.np
facebook : www.facebook.com/malangwamun

मलंगवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मलंगवा, सर्लाही
२ नं. प्रदेश
स्थापित २०७२

(६) आयशपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ। उक्त निर्देशन पालना नभएको आशयपत्र उपब कावाही गरिने छैन।

(७) सुरक्षित आप्रवासन सम्बन्धि सम्पूर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ।

(८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासँग उप सम्झौता (Sub Contract) गर्न पाइनेछैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकसित सञ्जालसँग उप सम्झौता गर्न यो बुँदाले वाधा पुत्याउने छैन।

(९) आवश्यक थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहोला।

(१०) आशय पत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यलय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

प्रमुख प्रशासकिय अधिकृत

कार्यालय : मलंगवा नगरपालिका वडा नं.३, फोन नं./फयाक्स नं. ०४६ ५२०१७५,
ईमेल ठेगाना : info@malangawamun.gov.np / website www.malangawamun.gov.np
facebook : www.facebook.com/malangwamun